स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




यही शुक्रबारदेखि सिनेमाघरमा आउन लागेको चलचित्र 'माउने राजा'ले चलचित्र जाँचपास समिति (सेन्सर बोर्ड)बाट यूनिभर्सल सर्टिफिकेट पाएको छ। ऋषि लामिछानेको निर्देशनमा तयार भएको यो चलचित्र अब सबै उमेरका दर्शकले हेर्न पाउनेछन्। एउटा उत्कृष्ट चलचित्र हेर्न पाएको प्रतिक्रिया पाएपछि चलचित्रको निर्माण पक्ष उत्साहित भएको छ। उहाँहरु चलचित्रको क्लाइमेक्सबाट सरप्राइज भएको निर्देशक लामिछानेको दाबी छ।

**आजको विचार...**



बढ्दो...
*(दुई पेजमा)*

मेघनाथ दाहाल

पछिल्लो केही दिनयता कलाकार प्रकाश सपुत र स्वस्तिमा खड्काबीच बोलचाल बन्द भएको चर्चा छ। केही मिडिया रिपोर्टमा यी दुईबीच 'पानी बाराबारको स्थिती रहेको' बताइएको थियो। सपुतको फिल्म 'वसन्त'को प्रवर्धनमा स्वस्तिमा नहिँडेकाले यी दुईबीच बोलचाल बन्द भएको दावी गरिएको थियो। चर्चित म्युजिक भिडियोदेखि फिल्ममा सहकार्य गरेका यी दुई नबोलेको खबर आएपछि प्रशंसक पनि निराश थिए। उनीहरु अभिनित फिल्म 'हरिबहादुरको जुत्ता'ले प्रवर्धन भिडियो नै सार्वजनिक गरेको छ।




❐ वर्ष ३१ ❐ अंक ३३ ❐ २०८२ भदौ ३ गते मंगलबार 19 August 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## संक्षिप्त समाचार

### बाढीमा एक हजारभन्दा बढीको मृत्यु

**(रासस/एएनआई)**

**इस्लामाबाद,** भदौ २/पाकिस्तानी प्रधानमन्त्रीका संयोजक इख्तियार वली खानले खैबर पख्तुनख्वा (केपी) प्रान्तमा आएको विशाल बाढीमा एक हजारभन्दा बढी मानिसको मृत्यु हुनसक्ने गम्भीर चिन्ता व्यक्त गरेका छन् । वलीले आफूले व्यक्तिगत रूपमा बाढी प्रभावित क्षेत्रहरू भ्रमण गरेको र ठूलो विनाश देखेको बताए । उनले बुनेरको चघर्जी क्षेत्रमा व्यापक क्षति भएको र बासोनी गाउँ नक्साबाट नै हराएको जानकारी दिएका छन् । 'बाढीको पानीले बोकेका केही चट्टानहरू ट्रकभन्दा ठूला थिए । घरहरू नदीमा बगाइएका छन्, सम्पूर्ण परिवारहरू हराएका छन् र रिपोर्ट गर्ने कोही छैन', उनले भने । उनले आधिकारिक तथ्याङ्कले अस्पतालमा ल्याइएको शवहरू मात्रै देखाएको तर धेरै हताहत अझै रिपोर्ट हुन बाँकी रहेको बताए । एआरवाई न्युजका अनुसार करिब एक हजारभन्दा बढी मानिस अझै बेपत्ता छन् र सामूहिक अन्त्येष्टि जारी छ । वलीले बाढीको दृश्य देखेर आफैँ भारी मन लिएर फर्केको बताए । पाकिस्तानको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए) का अनुसार, २६ जुनदेखि देशभरि वर्षासँग सम्बन्धित घटनामा कम्तीमा छ सय ५७ जनाको मृत्यु भइसकेको छ र नौ सय २९ जना घाइते भएका छन् । मृतकमध्ये एक सय ७१ जना बालबालिका र ९४ जना महिला छन् । केपी प्रान्त सबैभन्दा बढी प्रभावित भएको छ । यहाँ तीन सय ९० जनाको मृत्यु (दुई सय ८८ पुरुष, ५९ बालबालिका, ४३ महिला) र दुई सय ४५ जना घाइते (एक सय ६१ पुरुष, ४५ बालबालिका, ३९ महिला) भएको छ ।

# निकालियो तानसेनमा अमरनारायण रथयात्रा

**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ २/तानसेनमा अमरनारायणको रथयात्रा निकालिएको छ । भजनकीर्तन, नेपाली सेनाको ब्यान्ड बाजा, सलामीसहित, टोलविकास संस्था, विद्यालयका विद्यार्थीसमेतको सहभागितामा रथयात्रा गरिएको हो ।

तानसेनको नारायणस्थान, मखनटोल, पाल्पा दरबार संग्रहालय, शीतलपाटी हुँदै भगवती मन्दिर, वसन्तपुर हुँदै पुन: शीतलपाटीको बाटो भएर टक्सार, लहरेपीपल, ब्यारेक हुँदै नगरपालिका क्षेत्रबाट पुन: अमरनारायण मन्दिरमा रथ लगेर विर्सजन गरिएको छ । रथ यात्रा परम्परागत शैलीमै निकालिएको थियो । प्रत्येक बर्ष भाद्र कृष्ण नवमीको दिन रथयात्रा निकाली बजार परिक्रमा गर्ने परम्परा रहे पनि यस वर्ष दशमीका दिन सुभसाइत परेकाले सोमबार रथ निकालिएको हो । तत्कालीन समयमा सेन राज्य पाल्पा नेपालमा राज्य विलय भएपछि पाल्पाको कमाण्डर भएपछि काजी अमरसिंह थापाले नारायणको कलात्मक मन्दिर निर्माण गरी हरेक वर्ष तानसेनमा जात्रा निकाल्ने प्रचलन रहेको छ । नेपाल एकीकरणको सिलसिलामा सबैभन्दा पछि मात्र विलय भएको पाल्पा राज्यको प्रशासन चलाउन प्रथम बडाहाकिमको रूपमा जनरल अमरसिंह थापा आएका



*सोमबार तानसेनमा निकालिएको अमरनारायण रथ यात्रा । तस्बिर : राजेन्द्र गोपाल सिंह/एनजेडी*

थिए । जनरल अमर सिंह थापाले वि.सं. १८६३ मा वार्षिक खर्च चलाउन माडी फाँटमा हजार मुरी माटो गुठीको व्यवस्था गरी यो अमर नारायणको मन्दिर निर्माण गराएका थिए । मन्दिरमा भगवान नारायणको मुर्ति राखिएको भएपनि अमर सिंह थापाले आफै बनाएकाले उक्त मन्दिरको नाम नै अमर नारायण मन्दिर राखिएको छ । मन्दिर निर्माण पुरा भएपछी यो मन्दिर बनाउन काठमाडौंका नेवार कालीगढहरु झिकाएका कारण पनि तानसेनमा काठमाडौंमा जस्तै असन, टुँडिखेल, मखन आदि नामहरु राखी सोही अनुसार कला संस्कृती जात्रा सञ्चालन हुँदै आएको छ । पाल्पाको अमरनारायण मन्दिरमा किर्तीपुरको उमामहेश्वरको मन्दिरमा जस्तै पेगोडा शैलीको टुँडालको पुछारमा विभिन्न आसनमा कामक्रिडाका चित्रहरु कुँदिएका छन् । काजी अमर सिंह थापाकै कारण पाल्पाका विभिन्न मन्दिरहरुको रथयात्रा निकाल्ने परम्परा चलेको बुढापाकाहरुको भनाईरहेको छ । गुठीको जग्गा प्रशस्त भएपनि मोहीबाट कति पनि खर्च नआएकाले रथयात्रा सञ्चालन गर्न कठिनाई भएको अमर नारायण मन्दिर गुठि व्यबस्थापन समितिले जनाएको छ । पाल्पामा गाठे मंगलदेखि शुरु भएको जात्राको रौनक भगवती जात्रा र नारायण जात्रासम्म रहने गरेको छ ।

## विश्व फोटोग्राफी दिवस मनाइँदै




**पाल्पा,** भदौं २/आज विश्व फोटोग्राफी दिवस मनाइँदै छ । हरेक वर्ष अगस्ट १९ मा यो दिवस मनाउने गरिएको छ । औपचारिक रुपमा सन् २०१० देखि यो दिवस मनाउन थालिएको हो ।

अष्ट्रेलियाली फोटोग्राफर कोर्स्के आराको प्रयासमा औपचारिक रुपमा दिवस मनाउन थालिएको हो । सन् १८३९ अगस्ट १९ मा फ्रान्स सरकारले फोटोग्राफी विधालाई पहिलोपटक मान्यता दिएको दिनलाई हरेक वर्ष विश्व फोटोग्राफी दिवस मनाउने गर्छ ।

नेपालमा पनि यो दिवस मनाउने गरिन्छ । आज देशभर विभिन्न कार्यक्रम गरेर मनाइँदैछ ।

## पर्यटन क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई अघि बढाउन्छौं : मन्त्री पाण्डे

**पाल्पा,** भदौं २/संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटन क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई अगाडि बढाउनुपर्ने बताएका छन् । नेपाली काँग्रेस पाल्पाले तानसेनमा आयोजना गरेको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पाण्डेले पर्यटन क्षेत्र निजी क्षेत्रमा निर्भर रहेकाले यसको विकासका लागि निजी क्षेत्रलाई अगाडि बढाउनुपर्ने बताएका हुन् ।

मन्त्री पाण्डेले पर्यटन मन्त्रालय सरकारले मात्रै चलाउन असम्भव रहेको उल्लेख गरे । उनले पर्यटन मन्त्रालय भूमिका, कार्यक्षेत्रका दृष्टिकोणले सरकारले मात्रै मन्त्रालय चलाउन असम्भव रहेको बताएका हुन् । मन्त्री पाण्डेले भने "हामीले अहिले के बुझेका छौं भने अब निजी क्षेत्रलाई अगाडि नबढाउने हो भने पर्यटन क्षेत्रको विकास सम्भव छैन् ।" पर्यटन क्षेत्रका चुनौती समाधानको लागि निजी क्षेत्रकै सार्थक हस्तक्षेप र क्रियाशीलताको



आवश्यक रहेको उल्लेख गर्दै उनले निजी क्षेत्रलाई लगानीको वातावरण सिर्जना गरी अघि बढाउने प्रतिबद्धता जनाए । मन्त्री पाण्डेले पर्यटन क्षेत्र भनेको निजी क्षेत्रमै निर्भर रहेको उल्लेख गरे । उनले भने "होटल, केबुलकार, टुरिस्ट बस निजी क्षेत्रले नै सञ्चालन गर्नुपर्ने, प्लेनहरु किन्ने र बञ्जिङजम्प लगायतका पूर्वधारहरु निजी क्षेत्रले नै बनाउनुपर्छ, त्यसका लागि निजी क्षेत्रलाई लगानीका वातावरण बनाइदिनुपर्दो रहेछ ।" निजी क्षेत्रलाई वातावरण बनाइदिने सन्दर्भमा सरकारले नीति तथा ऐनहरु बनाउन थालेको उनले बताए । "संस्कृति नीति, हवाई नीति र पर्यटन नीति बनाउँदै छौं, जसमा पर्यटन नीति बनाएका छौं, संस्कृति नीति र हवाई नीति क्याविनेटमा छन् । त्यसपछि ऐनहरु पनि नयाँ ल्याउँदै छौं" मन्त्री पाण्डेले भने । नेपाली काँग्रेसका सह-महामन्त्री समेत रहेका मन्त्री पाण्डेले काँग्रेसले अब स्वदेशमै रोजगारका अवसरहरु सिर्जना गरी विदेश पलाउनलाई रोक्ने दिशामा आफुलाई अग्रस बनाउन थालेको बताए । उनले काँग्रेसले लामो समय कोरा राजीतिमै समय बितायो तर अब राजनीतिलाई नयाँ आयामका साथ अगाडि बढाउने गरी योजना अगाडि सारेको उल्लेख गरे । मन्त्री पाण्डेले गाउँ-गाउँमा थुप्रै सम्भावना भएकाले नयाँ पुस्तालाई यही केही गर्ने गरी वातावरण सिर्जना गर्नु अहिलेको आवश्यकता रहेकाले पार्टीले यसतर्फ ध्यान केन्द्रीत गरेको बताए । कार्यक्रममा लुम्बिनी प्रदेशका उद्योग,पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपानेले पर्यटनको क्षेत्रमा प्रदेश सरकारले उल्लेखीय काम गरेको बताए । उनले पर्यटनको माध्यमबाट नै प्रदेशको समृद्धि हासिल गर्ने गरी आफुहरु अगाडि बढेको धारणा व्यक्त गरे । काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षता, सचिव सन्तोष थापा मगरको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## फोटोग्राफी दिवसको सन्दर्भ

'एउटा फोटोले हजार शब्द बोल्छ' यो वाक्य फोटोग्राफी बुझ्ने र फोटोमा रुची भएकाहरु कसैको लागि पनि नौलो होइन । क्यामेराको अविष्कारसँगै शुरु भएको फोटोग्राफी विश्वभरमा स्यामेस्वेतबाट रङ्गीनसम्म आइपुगेको छ । महङ्गा हाते क्यामेरादेखि हात हातमा उपलब्ध सस्ता मोबाइल क्यामेराले फोटोग्राफीलाई अहिलेको युगसम्म ल्याएका छन् । समयसँगै फोटो खिच्ने तरिका र शैली परिमार्जित हुँदै पनि आएको छ जसले फोटोग्राफी जगतमा एउटा नयाँ तरंग थपिदिएको छ । आ–आफ्नो समयका कथा, वस्तु, प्रक्षेपण गर्न फोटोग्राफीले गरेको योगदान सम्झँदै हरेक वर्ष अगस्त १९ को दिन संसारभर विश्व फोटोग्राफी दिवस मनाइन्छ । आज नेपालसहित विश्वभर यो दिवस मनाइँदै छ ।

नेपालमा पनि यो दिवस मनाउन थालेको धेरै भएको छैन । फोटाग्राफीको महत्व दर्शाउन यो दिवसले निकै ठूलो सहयोग पुऱ्याएको छ । अझै पनि फोटोग्राफीप्रति आम मानिसहरूको धारणा सकारात्मक बन्न सकेको छैन । फोटो खिच्ने काम र पेशालाई सानो काम भनेर तुच्छ बनाउने गरिएको छ । फोटोग्राफीको इतिहास बुझाउन, यसमा रुचि राख्ने मानिसहरूलाई प्रोत्साहन गर्न र व्यवसायिक रूपमा फोटोग्राफी गरेर बसिरहेका मानिसहरूको सम्मान गर्न विश्व फोटोग्राफी दिवस मनाइन्छ । आजको दिन विश्वभरका फोटोग्राफरहरूले खिचेका ऐतिहासिक र उत्कृष्ट फोटोहरू प्रतिष्पर्धामा राख्ने प्रचलन पनि रहेको छ । फोटोग्राफीलाई अवहेलना गर्ने गरिएपनि वास्तवमा एउटा फोटोले दिने सन्देश र महत्व एकहजार शब्दले ब्यक्त गर्न सक्दैन भन्ने कुरामा कुनै सन्देह छैन । नेपालमा फोटोग्राफीको महत्व अझै जनजनमा पुग्न सकेको छैन । यद्यपि विश्वमा भने यसको महत्व निकै ठूलो र ब्यापक छ । पछिल्लोसमय फोटोग्राफीप्रति रूची हुनेहरूको संख्या बढ्दै गएको छ तर विविध कठिनाईका कारण अझै पर्याप्त भैसकेको छैन । अर्को चुनौतिको कुरा के हो भने फोटोग्राफीमा लागेका फोटोग्राफरहरूको जीवन यो पेशाले सुरक्षित गर्न सकेको छैन । फोटोग्राफीमा रुची हुनेहरूले यसलाई जीवनको अभिन्न अंग बनाउन सकेका छैनन् किनभने यो पेशाबाट आत्मनिर्भर बन्न ग्राहो छ । तसर्थ दिवसको अवसरमा यसको महत्वलाई अझै बढाउने तथा उजागर गरी आत्मर्निभर तर्फ हामी सबैको ध्यान जानु जरूरी छ ।

### Opinion @ Social Network

जिन्दगीको परिभाषा उमेरले होइन
घरको अवस्थाले सिकाउदो रहेछ ।

*(पवि मगरको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बढ्दो खराब कर्जाको बहुआयामिक असर



मेघनाथ दाहाल

*कुनै आर्थिक वित्तीय एवं विकास तथा अन्तर्राष्ट्रिय मान्यताको हकमा राम्रो संकेत होइन । समान्य वित्तीय क्षेत्रको सैद्धान्तिक मापदण्डको आधारममा पाँच प्रतिशत भन्दा माथिको खराब कर्जालाई राम्रो मानिँदैन । आर्थिक सर्वेक्षण २०८१/०८२ ले दिएको तथ्यांकमा वित्तीय संस्थाहरूले प्रवाह गरेको कूल लगानी ५५ खर्ब देखिएको छ । यस हिसाबमा पनि सबै किसिमका वित्तीय संस्थाको कर्जा प्रवाहको आँकडाको प्रतिशत औसतमा ७ प्रतिशतमा राख्दा चार खर्ब हाराहारीमा देखिन आउँछ । नेपालको हालको ६१/६२ खर्बको कूल गार्हस्थ उत्पादन क्षमता भएको सानो अर्थतन्त्रको हकमा ६.५ प्रतिशत हुनजान्छ ।*

वित्तीय क्षेत्र विकासको विस्तार कुनै पनि समाजको आर्थिक उन्नति, व्यावसायिक तथा औद्योगिक क्षेत्रको संस्थागत उन्नयनका लागि पहिलो न्यूनतम शर्तभित्र पर्ने विषय हो । सबै किसिमका आर्थिक, व्यावासायिक कामका लागि आवश्यक कर्जा प्रवाहको सफल कार्यान्वयन हुन समग्र वित्तीय क्षेत्रमा चुस्तता, इमानदारीता र अनुशासनको साथमा नीतिगत काममा प्रष्ट व्यवस्था भएको हुनुपर्दछ । स्वभावैले खराब कर्जाले सम्बन्धित वित्तीय संस्थाको मात्र नभएर समग्र एवं राष्ट्रियस्तरमै नराकात्मकताको सुरुवात गर्न सक्दछ । नेपालको हकमा नेपाल राष्ट्र बैंकको नियमभित्र रही स्थापना भएका सबै क, ख, ग र घ वर्गका वित्तीय संस्थाहरूको कूल शाखा र तिनले गरेको कर्जा प्रवाहमा देखिएको जटिल प्रकृतिको समस्या हो, खराब कर्जाको बढ्दो अवस्था । हाल औसतमा सबैजसो 'क' वर्गका वित्तीय संस्थाको पाँच प्रतिशतको वरिपरि 'ख' वर्गका वित्तीय संस्थामा १० प्रतिशतमा त्यसैगरी 'ग' र 'घ' वर्गका वित्तीय संस्थामा १५ देखि २० प्रतिशतसम्म खराब कर्जाको अवस्था देखिएको छ । कुनै आर्थिक वित्तीय एवं विकास तथा अन्तर्राष्ट्रिय मान्यताको हकमा राम्रो संकेत होइन । समान्य वित्तीय क्षेत्रको सैद्धान्तिक मापदण्डको आधारममा पाँच प्रतिशत भन्दा माथिको खराब कर्जालाई राम्रो मानिँदैन । आर्थिक सर्वेक्षण २०८१/०८२ ले दिएको तथ्यांकमा वित्तीय संस्थाहरूले प्रवाह गरेको कूल लगानी ५५ खर्ब देखिएको छ । यस हिसाबमा पनि सबै किसिमका वित्तीय संस्थाको कर्जा प्रवाहको आँकडाको प्रतिशत औसतमा ७ प्रतिशतमा राख्दा चार खर्ब हाराहारीमा देखिन आउँछ । नेपालको हालको ६१/६२ खर्बको कूल गार्हस्थ उत्पादन क्षमता भएको सानो अर्थतन्त्रको हकमा ६.५ प्रतिशत हुनजान्छ । ठूलो हिस्साको व्यावसायिक लगानी खराब कर्जामा परिणत भएको अवस्थामा यसले नेपाली अर्थतन्त्रलगायत समग्र क्षेत्रमा पार्ने असर निकै पेचिलो हुने संकेत गरिरहेको छ । खराब कर्जाको वित्तीय जोखिममात्र नभएर समाजका सबै पक्षलाई असर गर्ने सम्भावना राखेको हुन्छ । यसमा जोडिने मुख्य पक्ष के हो भने सरकारले एक आर्थिक वर्षभरिमा पुँजीगत खर्च जम्माजम्मी २०० अर्बभन्दा थोरैमात्र माथि खर्च गरिरहेको हालको अवस्थामा वित्तीय संस्थाको यो आकारको खराब कर्जा कुनै पक्षमा हितकर मान्न सकिँदैन । खराब कर्जाको असर सम्पूर्ण आर्थिक चक्रमै पर्न जाने देखिन्छ । खराब कर्जा भन्नाले व्यावसायिक गतिविधिका लागि वित्तीय संस्थाले प्रवाह गरेको कर्जा तोकिएको मितिभन्दा ९० दिन (तीन महिना)सम्म भुक्तानी हुन नसकेको अवस्थालाई जनाउँछ । नेपालका सबै खालका वित्तीय क्षेत्रको खराब कर्जाको सुरुवात कोभिडको समयपछि निकै बढेर गएको देखिन्छ । यसको अर्थ यस समयभन्दा अघि खराब कर्जाको अवस्था थिएन भन्न खोजिएको होइन । उत्पादन तथा आपूर्ति चेनमा कुनै न कुनै रूपमा समस्या देखापरेपछिको वित्तीय क्षेत्रबाट प्रवाह भएको ऋणको साँवा तथा ब्याज भुक्तानीमा बिस्तारै समस्या देखापर्न थालेको हो । यसको पछिल्लो रूप अझ भयावह बन्दै जाने संकेतको कारण हालका दिनहरूमा सबैको चासोको विषय बनेको छ । यो कुनै एउटा वित्तीय संस्था विशेषको समस्यामात्र नभएर यसमा निक्षेप जम्मा गरेका आममानिसको विश्वास, भरोसा र भरथेगमाथिको प्रहार हुनु हो । खराब कर्जाको चक्रले समग्र आर्थिक गतिविधिमा समस्या निम्त्याउन सक्ने भएकाले सरकारले समयमै सचेतता अपनाउनुपर्ने देखिन्छ । खराब कर्जाको कारण यदि आमवचतकर्तामा उक्त वित्तीय संस्थाप्रति अविश्वास जागेको खण्डमा संस्था नै नरहन सक्छ । संस्थाले बजारमा गरेको लगानीदेखि बजारमा उसको दायित्वमा सञ्चालित सम्पूर्ण आर्थिक तथा व्यावसायिक क्रियाकलापमा समस्या तत्काल देखिन्छन् । यिनै उपलब्ध आर्थिक एवं सामाजिक सूचनाहरूको आधारमा देशको अन्तर्राष्ट्रियस्तरमा तुलना सहज भएको हो । वित्तीय क्षेत्रको साथ सहयोग र भरोसाको कारण सम्भव भएको लगानीको परिणाम स्वरूप धेरै आर्थिक क्षेत्रले काँचुली फेर्न सफल भएका छन् । जनताको न्यूनतम आवश्यकताका वस्तु सेवाको साथमा पुँजी निर्माण, स्रोतसाधनको प्रयोगको हकमा अपुग रकमको जोहो निजी क्षेत्रलाई मात्र नगरेर सार्वजनिक क्षेत्रमा वित्तीय क्षेत्रले आपूर्ति गरिरहेको हुन्छ । आफू बच्ने र समाजलाई पनि विकासको बाटोमा अग्रसर गराउने काममा सदासर्वदा सफल वित्तीय क्षेत्र यदि कुनै न कुनै खराब कर्जाको चंगुलमा फस्न गएमा कुनै हालतमा राम्रो नतिजा ल्याउने संकेत गर्दैन । उद्योगी व्यवसायी यसमात्राको खराबी कर्जाको दोष आजका दिनसम्म पनि कोभिडमाथि लगाउन छोडेका छैनन् । वित्तीय संस्थाले भने अलि फरक मत राख्ने गरेका छन् । औद्योगिक व्यवसायीले थोरैमात्र वित्तीय अनुशासन कायम गरिदिएको भए आजको स्तरमा खराब कर्जाको ग्राफ पुग्ने थिएन । तर वास्तविकता भने फरक देखिन आउँछ । न व्यवसायीले यस रकमको सही सदुपयोग गरे न राज्यले नै राहतको महसुस गर्न सक्यो । उक्त रकम घरजग्गामा लगानी गरियो भन्ने वित्तीय संस्थाहरूको भनाइ छ तर यसमा व्यवसायी सहमत हुनसकेका छैनन् । घरजग्गामा भएको लगानीको प्रतिफल वा कारोबार हुन नसक्नुमा मागमा आएको कमीमात्र नभएर पछिल्लो समय स्थानीय निकायको जिम्मामा आएको जग्गाको वर्गीकरणको कार्य समयमा सम्पन्न गर्न नसक्नु मुख्य कारण हो । उक्त कामको ढिलाइको कारण कित्ताकाट लगायत धेरै प्राविधिक कामहरूमा पनि विलम्बले पनि व्यवसाय अघि जान सकेन । यी सबै कामहरूले अन्तत्वगत्वा वित्तीय संस्थाको लगानीको भुक्तानी समयमा हुन नसक्ने गरेको कर्जा खराब कर्जामा परिणत हुँदै गएको अवस्था हो । घरजग्गासहित बजारमा समग्र मागमा आएको कमी र कतिपय नीतिगत पक्ष पनि खराब कर्जामा वृद्धि गर्ने कारक तत्वको रूपमा रहे । निजी क्षेत्रलाई विद्युत् उत्पादनमा सहज गरेसँगै हजारौं मेगावाटका सयौं परियोजनाको पिपिएबाट हौसियर व्यवसायीले सिमेन्ट र रड उद्योगहरूमा लगानी बढाए । काम पनि सुरु भयो । सिमेन्ट र स्टिल उद्योगमा बैंक तथा वित्तीय संस्थाको खर्बौं रुपैयाँ लगानी स्वीकृत भयो । तर, एकाएक हाइड्रोहरूको पिपिएलगायत धेरै पक्षमा सरकारको नीतिगत परिवर्तनले सिमेन्ट एवं रड उद्योग यसै खङरङ हुन पुगे । समय-समयमा हुनेगरेका नीतिगत परिवर्तन यो कथासँग जोडिएर आएका छन् । सिमेन्ट र रडको मागमा कमी हुने बित्तिकै यी क्षेत्रमा भएको लगानीले प्रतिफल कम भयो र बिस्तारै वित्तीय क्षेत्रले गरेको लगानी खराब कर्जामा परिणत हुँदै गएको हो । राष्ट्र बैंकको पछिल्लो रिपोर्टले खराब कर्जामा सुधार हुँदैगएको जनाएको भए तापनि मुलुकभित्र व्यावसायिक गतिविधिमा आएको सुस्ती एवं समग्र मागमा हुन नसकेको बिस्तारले समर्थन गर्दैन । 'क' वर्गका भन्दा 'ख' र 'ग' वर्गका वित्तीय संस्थाको खराब कर्जाको अवस्था निकै भयावह रहेको सुनिन आएको छ । लघुवित्तको कथा निकै पहिले नै बाहिर आइसकेको हो । समग्र वित्तीय क्षेत्रमा समस्या देखिएको खण्डमा यसले आर्थिक क्षेत्रमा नराम्रो समयको संकेत गर्दछ । हुन त नेपालभित्र हुनेगरेका आर्थिक गतिविधि एवं नेपालीहरूको आम्दानीको स्तर एवं क्रयशक्तिको आधारमा आवश्यक वित्तीय संघसंस्थाको संख्या आवश्यकताभन्दा बढी भयो भन्ने नीतिनिर्माता नभएका होइनन् । तर, सिमान्तीकृत साना व्यवसायी आजका दिनमा पनि महँगो ब्याजमा साहुसँग ऋण लिन बाध्य छन् भन्ने कुराको प्रमाण मिटरब्याज पीडितहरूको ठूलो उपस्थितिले पनि प्रमाणित गरिरहेको छ । खराब कर्जाले सिर्जना हुने तत्कालीन असरमा सम्बन्धित वित्तीय संस्थाको साथमा समग्र क्षेत्रमा अप्ठ्यारो अवस्था देखापर्न सक्छ । सर्वसाधारणको वित्तीय संस्थासँगको विश्वासमा कमी आउने, विस्तारै निक्षेप संकलनमा कमी हुने, जम्मा भएको निक्षेप अन्य संस्थामा स्थानान्तरण गर्ने आदि परिणाम देखिन सक्छन् ।

संस्थाले गरेको कर्जा तोकिएको समयमा भुक्तानी हुन नसकेमा वित्तीय कारोबारमा बाध्य भएर कमी हुँदैजाने र जसले संस्थाको क्षमता विस्तारलगायत धेरै पक्षमा नकारात्मक समस्या देखापर्न थाल्दछ । यसका साथै कर्जा प्रवाहमा अपराधीकरण वा भ्रष्टाचारजन्य कारोबार हुनसक्ने धेरै सम्भावना रहन्छ । कम मूल्यांकनमा बैंकको क्षमताभन्दा माथिको स्तरमा कर्जा प्रवाह गरियो भने आगोमा घ्यू थपिन सक्छ । राज्यले यस किसिमको अप्ठ्यारोबाट निकास पाउन गरिएका व्यवस्थापन प्रभावकारी हुनसकेन भने दीर्घकालीन असर पेचिला किसिमका हुने गर्दछन् । जस्तो दीर्घकालीन लगानीका क्षेत्रहरू जस्तो हाइड्रो, घरजग्गा एवं पूर्वाधार क्षेत्रमा लगानी विस्तार गर्न वित्तीय संस्था सक्षम नहुन सक्छ । सडक, व्यावसायिक भवन, भूमिगत टनेललगायत निर्माणमा निजीक्षेत्रको संलग्नतामा कमी आउने तथा व्यावसायिक गतिविधिको विस्तारमा समायानुकूल विस्तार हुन सक्दैन । विभिन्न कारणले सिर्जना भएको वित्तीय असहज परिस्थितिसँग जुध्न वित्तीय ब्याडको स्थापना, राज्यद्वारा स्थापित आपत्कालीन कोष एवं अन्तर्राष्ट्रिय वित्तीय संघसंस्थासँग सम्बन्ध महसुस गरिएका अवस्थाका अनुभव हुन् । नेपालको हकमा यस्तो अवस्थाको सामना गरिहाल्नुपर्ने दिन आएको छैन तर समयमै सजग हुनसके भोलिका दिनमा सहज वातावरणको साथमा आशातीत प्रतिफल प्राप्त हुनसक्ने देखिन्छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
dV अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : घरपरिवारबाट साथ र सहयोग मिल्नेछ। सञ्चित धनमा वृद्धि हुनेछ। | **तुला** : मध्यम खालको दिन छ । ठूलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । |
| **वृष** : रमणीय र सुखद् यात्राको योग छ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । | **वृश्चिक** : कार्यक्षेत्रमा मानसम्मान बढ्नेछ।समारोहमा सहभागी भइएला। |
| **मिथुन** : सामाजिक कार्यमा रुचि बढ्नेछ । विद्या र बुद्धिको विकास पनि हुनेछ । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **कर्कट** : गरेको कार्यमा सफलता मिल्ने छ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ | **मकर** : इनाम र प्रतिष्ठा कमाउने बेला छ । विशिष्ट व्यक्तिको साथ पाइनेछ । |
| **सिंह** : सानातिना समस्यामा अल्झनुपर्नेछ । महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । | **कुम्भ** : वैदेशिक यात्रा लाभदायक र हनेछ। मन अशान्त रहन सक्छ। |
| **कन्या** : लाभदायक यात्रा पनि रहला । कुनै कुराले मनमा शान्ति छाउनेछ । | **मीन** : एउटै कामबाट लाभ मिल्नेछ । सेयरको कारोबारमा फाइदा हुनसक्छ । |

# विज्ञान/सूचना प्रविधि

## के तपाईंले चलाउने स्मार्टफोनको पनि म्याद हुन्छ ?



स्मार्टफोनको आगमन पछि विभिन्न क्षेत्रमा क्रान्तिकारी परिवर्तनहरू देखिन थालेका छन् । आज यो कुराकानीको माध्यम मात्र होइन, हाम्रो जीवनको एक महत्त्वपूर्ण भाग बनेको छ । यो शिक्षा, मनोरञ्जन, व्यवसाय, लेनदेन, काम आदि जस्ता धेरै महत्त्वपूर्ण ठाउँहरूमा प्रयोग भइरहेको छ । यसको सबैभन्दा ठुलो विशेषता यसको बहुमुखी प्रतिभा हो । यो सानो उपकरणको साथ, तपाईं देश र संसारभरका समाचारहरू प्राप्त गर्न सक्नुहुन्छ । यसले आम मानिसलाई सशक्त बनाएको छ । चाहे त्यो ट्याक्सी बुक गर्ने होस् वा घरमै रासन अर्डर गर्ने होस्, यसको मद्दतले हामी घरमै बसेर धेरै सेवाहरू प्राप्त गर्न सक्छौं । आज हामीमध्ये धेरैजसो स्मार्टफोन प्रयोग गर्छौं, तर के तपाईंलाई थाहा छ स्मार्टफोनको म्याद सकिने मिति पनि हुन्छ ? यदि छैन भने आज हामी तपाईंलाई यसको बारेमा बताउन गइरहेका छौं । बजारमा बेचिने विभिन्न चीजहरूको म्याद सकिने मिति हुन्छ, त्यसरी नै तपाईंको स्मार्टफोनको पनि म्याद सकिने मिति हुन्छ । तर, धेरै मानिसहरूलाई थाहा छैन कि स्मार्टफोन कहिले म्याद सकिन्छ ? धेरै स्मार्टफोन कम्पनीहरूले फोनमा २ वा ३ वर्षको लागि एन्ड्रोइड वा आईओएस अपडेटहरू प्रदान गर्छन् । यसबाहेक, केही वर्षको लागि सुरक्षा अपडेटहरू पनि प्रदान गरिन्छ । यद्यपि, केही समय पछि, एन्ड्रोइड र सुरक्षा अपडेटहरू स्मार्टफोनमा आउन बन्द हुन्छन् । जब यी अपडेटहरू स्मार्टफोनमा आउन बन्द हुन्छन्, तब यसको प्रयोग गर्नु धेरै जोखिमपूर्ण हुन्छ । यस्तो अवस्थामा, तपाईंसँग साइबर ठगी हुने सम्भावना धेरै बढ्छ । यसलाई स्मार्टफोनको म्याद सकिने मिति मानिन्छ। ध्यान दिनुहोस्, स्मार्टफोनको म्याद सकिने मिति तपाईंले कहिले किन्दै हुनुहुन्छ भन्ने कुराले निर्धारण गर्दैन । बरु, स्मार्टफोनको म्याद सकिने मिति उत्पादन मितिले निर्धारण गर्छ। तपाईंले आफ्नो मोबाइल फोन कम्पनीको वेबसाइटमा गएर आफ्नो स्मार्टफोनले कहिले अपडेट पाउनेछ भनेर पत्ता लगाउन सक्नुहुन्छ ।

*-रातोपाटी डटकम*

## डिजिटल नेपाल कन्क्लेभमा डिजिटल रूपान्तरणका कुरा



आईसीटी फाउन्डेसन नेपालले 'इम्पावरिङ डिजिटल नेपाल दुगेदर' नारासहित आयोजना गरेको 'डिजिटल नेपाल कन्क्लेभ २०२५ इन एशोशिएसन विथ टिङटिङ र पावर्ड बाई रेनड्रप' सम्पन्न भएको छ । 'डिजिटल सिनर्जी: ट्रान्सफर्मिङ गभर्नेन्स, इकोनोमी एण्ड सोसाइटी' मुख्य थिममा साउन ३० गते शुक्रबार पुलचोकस्थित द प्लाजामा भएको कार्यक्रममा डिजिटल रूपान्तरण र इकोसिस्टम विकासका विभिन्न आयाममा छलफल भएको थियो । कार्यक्रमलाई प्रधानमन्त्री केपी शर्मा ओली, उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरूङ, सांसद तथा नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा, मुख्यसचिव एकनारायण अर्याल, राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठ लगायतले सम्बोधन गरेका थिए । विभिन्न सरकारी तथा निजी क्षेत्रका ६०० बढी उच्च पदस्थ व्यक्तिहरूको सहभागीता रहेको कन्क्लेभमा डिजिटल सुशासन, डिजिटल सार्वजनिक पूर्वाधार, डिजिटल स्वास्थ, डिजिटल अर्थतन्त्र, आईसीटी उद्योग लगायतका विषयमा ८ बढी सेसन सञ्चालन भएका थिए । कार्यक्रममा प्रमुख अतिथिसमेत रहेका प्रधानमन्त्री ओलीसँग पावर संवाद सञ्चालन भएको थियो । पावर संवादको सहजीकरण व्यास मिडियाका संस्थापक सञ्जय सिलवाल गुप्ताले गरेका थिए । पावर संवादमा बोल्दै प्रधानमन्त्रीले लोकेसन र वातावरण अनुकुलका कारण नेपाल 'डिजिटल वर्क सेन्टर' बन्न सक्ने बताए । कार्यक्रममा उनले नयाँ पुस्ता सूचना प्रविधिमा अब्बल रहेको बताउँदै आवश्यक सहयोग र सहजीकरण गर्नका लागि सरकारको प्रतिबद्धतासमेत जनाएका थिए । यो वर्ष जीडीपीमा आईसीटीको योगदानलाई दुई प्रतिशत पुऱ्याउने उनको भनाइ छ । यस्तै अर्थमन्त्री र गगन थापासँग पावर प्यानलिष्ट सेसन सञ्चालन गरिएको थियो । यस सत्रको सहजीकरण रूपेश श्रेष्ठले गरेका थिए । उक्त सत्रमा बोल्दै अर्थमन्त्री विष्णु पौडेलले कर प्रणालीमा अनुचित काम भएको भए जानकारी दिन अनुरोध गरेका थिए । त्यस्तो गर्ने व्यक्तिलाई तत्कालै कारवाही गर्ने प्रतिबद्धता व्यक्त उनले गरेका थिए । कार्यक्रममा गगन थापाले सार्वजनिक सेवा प्रवाहमा प्रविधिको प्रयोग गर्दै फेसलेस अवधारणामा जानुपर्नेमा जोड दिएका थिए । महत्त्वाकांक्षी कुराहरू गर्ने र लेख्ने तर कार्यान्वयन नगर्दा समस्या देखिएको भन्दै अब स्पीड बढाउनु पर्ने समय आएको बताए । त्यस्तै मुख्यसचिव एकनारायण अर्यालले प्रणालीहरूबीच अन्तरआवद्धता भएपछि मात्रै डिजिटलाइजेसन सम्भव हुने बताए । 'कम्प्युटरमा टाइप गरेर डिजिटलाइजेनस हुँदैन । त्यसका लागि प्रणालीहरूबीच अन्तरआवद्धता हुनुपर्छ,' उनले भने, 'अहिले निजी क्षेत्रको आफ्नै सिस्टम छन् । सरकार पनि आफ्नै सिस्टममा काम गरिरहेको छ । यी इन्टिग्रेसन नगरेर विकास हुँदैन ।' त्यसैगरी राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठले डिजिटल प्रविधिको प्रयोगमार्फत हुने सबै इन्नोभेसनले समाजको वास्तविक समस्या समाधान गर्नुपर्ने बताएका थिए । सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरूङले पूर्वाधारको हिसाबले नेपाल प्रारम्भिक स्थानमा भएको बताउँदै डिजिटल पूर्वाधार छनौट नभएर राष्ट्रिय आवश्यकता भएको बताए । 'इन्नोभेसन र प्रविधिले नागरिकलाई केन्द्रमा राख्नुपर्छ । सरकार पूर्वाधार विकास र कानुनी सुधार र निर्माण गर्नेतर्फ अगाडि बढेको छ', उनले भने, 'आईसीटीको विकासका लागि सरकार र निजी क्षेत्र मिलेर काम गर्नुपर्छ । त्यसपछि डिजिटल सिनर्जी आउँछ ।' आईसीटी फाउन्डेसनका अध्यक्ष राजन लम्सालले आईसीटी क्षेत्रको विकासका निजी क्षेत्रले अधिकत्तम प्रयास गरिरहेको बताउँदै उनले अब सरकारले पनि नीतिगत सुधार गर्दै कार्ययोजना र कार्यशैली सुधार गर्नुपर्ने बताए । भट्टराईले डिजिटल नेपाल निर्माणका लागि राजनीतिक प्रतिबद्धता महत्त्वपूर्ण भएको बताएका थिए भने गार्डनरले डिजिटल सिनर्जीका लागि सरकार, निजी क्षेत्र तथा नागरिक समाजको सहकार्यमा डिजिटल नेपाल कन्क्लेभ' डिजिटल रुपान्तरणको लागि एउटा अर्थपूर्ण पहल/अभियान हो । यस कार्यक्रमले डिजिटल नेपालका लागि भइरहेका प्रयास, योजना र कार्यक्रमलाई कार्यान्वयन गर्न सहयोगी भूमिका खेल्न आशा गरिएको छ ।

*-हाम्रा कुरा डटकम*

## सर्वसाधारणको गोप्य विवरण लिन्छन्, सुरक्षा दिँदैनन्

'कि त वार, कि त पार, कति सहने बारम्बार ?, युवाहरू होउ अब तयार...।' गत वर्ष पुसमा प्रतिनिधिसभा सांसद ज्ञानेन्द्र शाहीले युवाहरूलाई उचाल्दै सामाजिक सञ्जालमा लेखे, 'युवा साथीहरू, तपाईंहरू कुन-कुन ठाउँबाट हुनुहुन्छ ? कृपया आफ्नो सम्पर्क नम्बर र ठेगाना यही कमेन्ट बक्स वा मेसेन्जरमा पठाइदिनुहुन अनुरोध गर्दछु । हामी तपाईंलाई फोन गर्नेछौं ।' देशमा अत्याचारले सीमा नाघ्यो भन्दै आम मानिसको असन्तुष्टिलाई छुन बल गरेका शाहीले सामान्य डेटा प्राइभेसीको हेक्कासमेत राखेनन् । सांसदजस्तो व्यक्तिले भावनामा छिरेर हजारौं सर्वसाधारणका वैयक्तिक जानकारी लिक गराइदिए । उक्त पोस्टमा १० हजारभन्दा धेरै कमेन्ट गरिएका छन् । अधिकांशले आफ्ना व्यक्तिगत जानकारी छताछुल्ल पारेका छन् । फोन नम्बरदेखि ठेगाना सबै कमेन्टमै उपलब्ध गराएका छन् । यसले आम तहमा डेटा सुरक्षाबारे कत्तिको चेतना छ भन्ने स्पष्ट हुन्छ । शाहीको उक्त पोस्ट सेयर गरेका आईटी विद्यार्थी धीरज चापागाईंले व्यंग्य गर्दै क्याप्सनमा लेखेका छन्, लु फोन नम्बर र डेटाको खजाना !' आफ्ना गोप्य राख्नुपर्ने सूचना बाहिरिँदा यसको दुरुपयोग साइबर स्क्यामरले कसरी गर्न सक्छन् भन्नेमा स्वयं सांसददेखि सर्वसाधारण सचेत नभएको यसले देखाउँछ । थाहा हुनेले पनि कतिसम्म हेलचेक्र्याइँ गर्छन् भन्ने प्रतिनिधि उदाहरण हो यो । भोटाहिटीस्थित साइबर ब्यूरोको कार्यालय । नेपाल प्रहरीको साइबर ब्युरोमा पछिल्लो समय आएका अधिकांश सूचना सामाजिक सञ्जालकै दुरुपयोगसँग सम्बन्धित बढी छन् । प्रहरीको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/०८२ मा मात्र १८ हजार ९२३ उजुरी साइबर ब्युरोमा दर्ता भए । आर्थिक वर्ष २०८०/०८१ मा यो संख्या १९ हजार ७३० थियो । यसमा सबैभन्दा धेरै (७ हजार ७२३ उजुरी) वित्तिय ठगीका छन् भने त्यसपछि अकाउन्ट ह्याक गर्ने उजुरी (३ हजार ५०३) धेरै छन् । त्यसबाहेक ह्यारेसमेन्ट/बुलिङ लगायतका शीर्षकमा पनि उजुरी दर्ता भएका छन् । यी उजुरीबाट कुल ११२ वटा मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ । दर्ता भएका मुद्दा हेर्दा १९ देखि २५ वर्ष उमेर समूहका व्यक्ति धेरै (४३.२३ प्रतिशत) पीडक रहेको देखिएको छ । त्यस्तै पीडितमा २६ देखि ३५ वर्ष उमेर समूहका धेरै (३६.८१ प्रतिशत) छन् । यी सबैमा वित्तीय ठगीका उजुरी र मुद्दा सबैभन्दा धेरै छन् । जस्तो, बुधबारमात्र धितोपत्र बजारमा साइबर स्क्यामरको ठगीधन्दाबारे प्रहरीले सचेत गराएको विषय ले चर्चा पाएको थियो । प्रहरीका अनुसार स्क्यामरहरूले मोबाइल एपदेखि डेस्कटपसम्मको प्रयोगबाट सेयर लगानीकर्तालाई भुक्याउने र ठग्ने गरेको पाइएको हो । 'सेयर कारोबार गर्न सक्नुहुन्छ, पैसा कमाइन्छ, भन्दै मालवेयर सफ्टवेयर इन्स्टल गर्न लगाउने र व्यक्तिगत डाटा ह्याक गर्ने अनि बैंक खाताबाट पैसा ट्रान्सफर गरी ठग्ने गरेका उजुरीहरू आएका छन् । यसका लागि 'एपीके' उल्लेख भएको कुनै फाइल पठाउने र विन्डोज अपरेटिङ सिस्टममा 'एक्सटेन्सन डट ईएक्सई' फर्म्याटको फाइल पठाउने गरेको प्रहरीले जनाएको छ । सामाजिक सञ्जालमार्फत नेप्से एआई नामको एप डाउनलोड गर्न प्रेरित गरिएको थियो, जसले गरेको सेयर विश्लेषण धेरै मिल्ने भएकाले अत्यधिक नाफा कमाउन सकिने भन्दै सर्वसाधारणलाई लोभ्याइएको थियो । यसमा स्क्यामरले विज्ञापन बनाई, 'स्पोन्सर भएर सेयर कारोबार गर्न सक्नुहुन्छ, भिडियो अनलाइन हेर्न, अनलाइन बस्न सक्नुहुन्छ, ७ बजेदेखि बेलुका ९ बजेसम्म लाइभमा बसी सेयर



कारोबारको जानकारी लिन सक्नुहुन्छ' भनेर सर्वसाधारणलाई भुक्याउने गरेको पाइएको हो । करिब दुई महिनाअघिको साइबर ब्युरोकै अर्को सूचना हेरौं, जसले आमजन यसबारे कतिसम्म सचेत छैन भन्ने स्पष्ट पार्छ । उक्त सूचनाले एउटा गम्भीर साइबर ठगीको घटनालाई उजागर गरेको थियो । यो सूचनाले AT.Alert, THE.Alert जस्ता बल्क एसएमएस सेवा प्रदायकहरूको प्रयोगकर्ताका खाताहरूमा अनधिकृत पहुँच बनाएर खल्ती र कनेक्ट आईपीएस जस्ता डिजिटल वालेटका प्रयोगकर्तालाई निशाना बनाउने फिसिङ ठगीको बढ्दो गतिविधिलाई औंल्याएको थियो । साइबर ब्युरोका अनुसार अपराधीहरूले बल्क एसएमएस सेवा प्रदायकहरूको खातामा अनधिकृत पहुँच बनाएर हजारौं प्रयोगकर्तालाई एकैचोटि फिसिङ सन्देशहरू पठाइरहेका छन् । यस्ता सन्देशहरूमा लेखिएको हुन्छ, 'तपाईंको खाता ६ घण्टाभित्र लक हुनेछ । तुरुन्तै प्रमाणीकरण गर्नुहोस् वा 'तपाईंको कनेक्ट आईपीएस लिङ्क गरिएको खाता सुरक्षा कारणले निलम्बन गरिएको छ । पहुँच पुन: प्राप्त गर्न कृपया प्रमाणीकरण प्रक्रिया पूरा गर्नुहोस् ।' यस्ता सन्देशसँगै पिसिङ लिङ्क पनि पठाइएको हुन्छ, जसलाई प्रयोगकर्तामा डर सिर्जना गरेर खोल्न 'म्यानिपुलेट' गरिन्छ । जब प्रयोगकर्ताले यस्ता लिङ्कमा क्लिक गर्छन्, उनीहरूलाई खल्ती वा कनेक्ट आईपीएस जस्ता प्लेटफर्महरूको हुबहु देखिने नक्कली वेब पेजमा पुऱ्याइन्छ । त्यहाँ लगइन गर्न प्रेरित गरिन्छ र युजर नेम र पासवर्ड लिएपछि साइबर अपराधीले तिनको बैंक खाता वा वालेटमा रहेको रकम अन्यत्र स्थानान्तरण गर्छन् । ह्याकरको निशानामा सरकारी पोर्टल, जोखिममा डिजिटल सम्पत्ति सरी नेपालमा सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै साइबर अपराधका रूप पनि फरकफरक देखिन थालेका छन् । गत चैतको साइबर ब्युरोले जारी गरेको अर्को प्रेस विज्ञप्तिले सामाजिक सञ्जालको दुरुपयोगबाट हुने गम्भीर अपराधलाई उजागर गरेको थियो । यो केसले डेटा सुरक्षा र गोपनीयताबारे जनचेतनाको कमीले कसरी व्यक्तिगत जीवनमा गम्भीर असर पार्न सक्छ भन्ने कुरा प्रष्ट पार्छ । साइबर ब्युरोमा परेको एक उजुरीअनुसार सामाजिक सञ्जालमार्फत चिनजान भएर प्रेम सम्बन्धमा रहेका एक युवतीले आफ्नो प्रेमीलाई पठाएको गोप्य भिडियो दुरुपयोग भयो । सम्बन्ध टुटेपछि प्रेमीको साथीले उक्त भिडियो प्रयोग गरी युवतीलाई ब्ल्याकमेल गरेको विषय बाहिर आयो । अभियुक्तले पीडितलाई पैसा माग्ने, आपत्तिजनक शब्दहरू प्रयोग गरी शारीरिक सम्बन्ध राख्न दबाब दिने र नमानेमा भिडियो सामाजिक सञ्जालमा राखेर भाइरल गरिदिने धम्की दिएका थिए । आफ्ना गोप्य भिडियो वा केही कुरा समाजिक सञ्जालको प्रयोगमार्फत सेयर गर्नु हुँदैन भनेर नजान्दा ती युवती फस्न पुगिन् । गलत नियत राखेका उनकै पूर्वप्रेमीले त्यसको दुरुपयोग गरे । यस्तो मानसिक तनाव र हैरानीले पीडित युवतीको जीवनमा उथलपुथल नै ल्याएको थियो । उजुरीपछि साइबर ब्युरोले प्राविधिक विश्लेषणसहित अनुसन्धान गर्दा अभियुक्त ललितपुर महानगरपालिका-४ बस्ने २४ वर्षीय आयुष अधिक भएको पत्ता लाग्यो । उनलाई विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गत पक्राउ गरियो । यी सबै घटना विवरण हेर्दा साइबर अपराधी कति अगाडि छन्, अनि हाम्रो जनचेतना कति पछाडि छ भन्ने देखाउँछ । अबको समयमा साइबर सुरक्षासम्बन्धी जनचेतना फैलाउन ढिला गर्न नहुनेमा य नेपालमा डेटा सुरक्षा र गोपनीयताबारे जनचेतनाको कमीले साइबर अपराधको जोखिम निम्त्याइरहेको बताउँछन्, साइबर सुरक्षा विज्ञ डा. राजीव सुब्बा । उनी भन्छन्, 'डेटा आजको युगमा तेल र सुनजस्तै मूल्यवान छ, तर हाम्रो समाज, सरकार, र नीति निर्माताले यसको महत्व बुझेकै छैनन् ।' उनका अनुसार नेपाली संस्कारमा जन्ममिति, फोन नम्बर, परिवारको विवरण वा बैंक खातासँग जोडिएका जानकारी खुलेआम साझा गर्ने बानीले साइबर अपराधीलाई ब्ल्याकमेलिङ, ह्याकिङ र पहिचान चोरीको अवसर दिन्छ । त्यस्ता गोप्य सूचना बाहिर आउँदा स्क्यामका लिङ्क पठाउनदेखि अन्य कुराको दुरुपयोग गर्न स्क्यामरलाई सहज हुन्छ । प्रयोगकर्ता सचेत नहुँदा त्यस्ता स्क्यामबाट फस्ने सम्भावना अत्यधिक रहन्छ । 'तपाईंको जन्ममिति सामाजिक सञ्जालमा किन राख्ने ? आफू कहाँ छु ? कस्तो अवस्थामा छु ? किन भन्ने ? फोन नम्बरदेखि इमेल जसले माग्छ उसलाई सजिलै किन दिने ? यस्ता डेटा अपराधीहरूले बैंक खाता ह्याक गर्न वा ब्ल्याकमेलिङमा प्रयोग गर्छन्,' उनले सचेत गराए । नेपालमा डेटा संरक्षणको बलियो कानुनी संरचना र कार्यान्वयनको अभावले जोखिम झन् थपिएको सुब्बाको विश्लेषण छ । उनका अनुसार पसल, अनलाइन प्लेटफर्म, विभिन्न संस्था वा सरकारी निकायले अनेक इभेन्टको नाममा सर्वसाधारणको जानकारी मनलाग्दी संकलन गर्छन् । तर त्यसको सुरक्षा कसरी गरिन्छ भनेर सूचना लिने र दिने दुवैले चासो लिएका हुँदैनन् । यी व्यक्तिगत सूचना चुहावट हुँदा व्यक्तिगत स्तरमा ब्ल्याकमेलिङ र मानसिक तनावदेखि संस्थागत स्तरमा बैंक ह्याकसम्मका खतरा निम्त्याउँछन् । त्यसैले आमनागरिकलाई पनि आफ्नो डेटा गोप्य राख्न सिकाउनुपर्नेमा उनको जोड छ । चेतावनी दिँदै सुब्बा भन्छन्, 'जबसम्म व्यक्तिले डेटाको महत्व बुझ्दैनन् र सरकारले पनि बलियो सुरक्षा नीति बनाउँदैन, साइबर अपराधले सताइरहन्छ ।' डिजिटल राइट्स नेपालका कार्यकारी निर्देशक तथा अधिवक्ता सन्तोष सिग्देल सरकारले कानुन कडा बनाउन खोज्ने तर जनचेतना फैलाउन गर्नुपर्ने काम नगर्ने प्रवृत्ति झन् डरलाग्दो भएको बताउँछन् । यसरी लापरबाही हुँदा फिसिङ, ब्ल्याकमेलिङ र वित्तीय ठगी निम्त्याउँछ । उनका अनुसार सर्वसाधारणसम्म स्क्यामरले सहजै पहुँच पुर्याउँछ । त्यस्तै, सामाजिक सञ्जालमा 'फिलिङ एलोन' लेख्दा अपराधीले अवसर देख्छन् । नक्कली कल र म्यासेजमार्फत आएको ओटीपी सेयर गर्दा खाता रित्याउन सक्छ । 'त्यसैले नागरिकता, पासपोर्ट जस्ता जानकारी साझा नगर्ने, फेसबुकमा 'ओन्ली मी वा प्राइभेसी' सेटिङ प्रयोग गर्ने, शंकास्पद लिंक/कलबाट सजग रहने, बलियो पासवर्ड राख्ने गर्नुपर्छ,' अधिकारीले भने, 'सरकारले डेटा संरक्षण नीति कार्यान्वयन गर्नुपर्छ । विश्वविद्यालय, निजी क्षेत्र र स्थानीय तहले पनि अनुसन्धान र सचेतनामा लगानी गर्नुपर्छ । अन्यथा, साइबर अपराधले हामीलाई सताइरहन्छ ।'

*-अनलाइन खबर डटकम*

# आज राष्ट्रिय सूचना दिवस मनाइँदै



**पाल्पा,** भदौ २/राष्ट्रिय सूचना दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदैछ । सूचनाको हकसम्बन्धि ऐन २०६४ लागू भएको दिन भदौ ३ गतेलाई हरेक वर्ष राष्ट्रिय सूचना दिवसका रुपमा मनाउने गरिएको छ ।

नागरिकका सूचनाको हकको प्रचलनका लागि २०६४ साउन ५ गते तत्कालिन संसदबाट प्रमाणित भई भदौ ३ गतेदेखि ऐन लागू भएको थियो । सूचनाको हकसम्बन्धी विभिन्न कार्यक्रम आयोजना गरी देशभर १९ औं राष्ट्रिय सूचना दिवस मनाउन लागिएको राष्ट्रिय सूचना आयोगले जनाएको छ । सबै नागरिकलाई सूचना माग गर्ने र प्राप्त गर्ने संवैधानिक हकको कार्यान्वयनका लागि कानुन कार्यान्वयनमा आएपछि यो दिवस मनाउन थालिएको हो । दिवसका अवसरमा आज जिल्ला प्रशासन कार्यालय पाल्पाले पत्रकार र सरकारी कार्यालयका सूचना अधिकारीहरुसँग अन्तर्क्रिया कार्यक्रम गरेको छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि पत्रकार र सूचना अधिकारीहरुको भूमिका महत्वपूर्ण हुने भएकाले दिवसको अवसरमा अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी ऋषिराम सुवेदीले बताए । संविधानले लोकतन्त्रमा जनता नै सूचनाको मालिक हो भन्ने अधिकार प्रत्याभुत गरे पनि आम नागरिक अझै पनि सहज सूचना पाउनबाट बञ्चित छन् । जनता सूचना माग्न नआएपनि सार्वजनिक कार्यालयले सूचना तीन/तीन महिनामा सार्वजनिक गर्नुपर्ने बिधि भएअनुसार कार्यान्वयन गर्नुपर्ने सूचनाको हक सम्बन्धी ऐनमा उल्लेख छ । प्रत्येक नागरीकले आफ्नो हकको सूचना पाउनका लागि २०६४ को ऐन अनुसार सुचना पाउ भनेर सम्बिन्धत निकायको सुचना अधिकारीलाई गएर निवेदन दिनुपर्ने र त्यस अनुसार कार्यालयले सूचना १५ दिनभित्र उपलब्ध गराउनुपर्नेछ । यदि १५ दिनमा सुचना उपलब्ध नभएमा १६ औ दिनमा त्यही कार्यालयका प्रमुखमा उजुरी दिने र त्यसको जानकारी थप ७ दिनमा उपलब्ध गराउनुपर्ने ऐनमा उल्लेख भएपनि त्यस अवधिमा पनि उपलब्ध नभएमा त्यसको भोलीपल्ट अर्थात २३ औ दिनमा सूचना अधिकारी र कार्यालय प्रमुखकोविरुद्धमा सूचना आयोगमा मुद्धा दायर गर्न अर्थात पुनराबेदन दर्ता जारी गर्न सकिने व्यवस्था रहेको छ ।

## रामपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### रामपुर, पाल्पा

## पार्किङ शुल्क उठाउनका लागि सिलवन्दी दरभाउ पत्र आह्वान सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति:२०८२/०५/०३, ने.सं. ११४५ गुंलागा ११, मंगलवार)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० बमोजिम रामपुर नगरपालिका अन्तर्गत पार्किङ्ग हुने सवारी साधनहरुलाई पार्किङ्ग गर्ने व्यवस्था मिलाउदै नगरको आन्तरिक आय संकलन तथा पार्किङ्ग शुल्क उठाउने कार्य ठेक्काद्धारा गर्ने सम्बन्धमा कार्यालयको निर्णयानुसार आ.व. २०८२/०८३ अन्तर्गत ईच्छुक फर्म,संघ संस्था तथा व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरभाउ पत्र फारम खरिद गरी व्यवसाय दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण(आ.व.२०८०/०८१ अथवा २०८१/०८२ को प्रतिलिपि), नागरिकता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी तोकिएको न्यूनतम ठेक्का अङ्कमा नघट्ने शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । आफुले कबोल गरेको अंकको ५% ले हुने धरौटी रकम तपसिलमा उल्लेखित रामपुर नगर कार्यालयको धरौटी खातामा जम्मा गरेको बैंक भौचर संलग्न हुनु पर्नेछ । ठेक्का सम्बन्धि सर्तहरु तपसिल बमोजिम छन् ।

**सर्तहरू**

१. पार्किङ शुल्क उठाउने कार्य गर्न चाहने व्यक्ति/ संघ संस्थाले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी रु. १०००/- (एक हजार रुपैया) दरभाउ पत्र फारम खरिद गर्न सकिने छ ।

२. **दरभाउ पत्र फारम खरिद गर्ने मिति :-** यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र

३. **सिलवन्दी दरभाउ पत्र दाखिल गर्ने मिति :-** यो सूचना प्रकाशन भएको १६ औं दिन, दिनको १२.०० बजे भित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट सोही समय भित्र दर्ता गर्नु पर्नेछ ।

४.**दरभाउ पत्र खोल्ने मिति, समय र स्थान :** १६ औं दिन, दिनको २:०० बजे दरभाउपत्रदाता र कार्यालयका कर्मचारीको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउ पत्रदाता उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।

५.माथि उल्लेखित ठेक्काको कबोल अंकको थप मुल्य अभिवृद्धि कर १३ प्रतिशत र आयकर १.५ प्रतिशत बराबरको राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा बुझाउनुपर्ने छ।

६. धरौटी बापत कबोल गरेको अङ्कको ५प्रतिशत रकम यस कार्यालयको नाममा कृषि विकास बैंकमा रहेको धरौटी खातानं. ०४१५८००९३९३४२२१६मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको मान्यता प्राप्त बैंकको जमानत (बिडबण्ड) को सक्कल प्रति दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ/धरौटी बापत जम्मा गरेको रकम किस्तामा समावेश गर्न पाईने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछी प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

७.दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुरबापतको रकम यस कार्यालयको नाममा कृषि विकास बैंकमा रहेको खातानं. ०४१५८००९३९४२०६२ आन्तरिक राजस्व खातामा जम्मा गरेको भौचर वा कार्यालयको राजश्व शाखमा रकम दाखिला गरेको रसिद पेश गर्नुपर्नेछ ।

८.प्राप्त दरभाउ पत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९.पार्किङ शुल्क असूल गरे बापत सवारीवालालाई दिइने रसिद ठेकेदार स्वंयमले छपाई गर्नु पर्नेछ ।

१०.तोकिएको दर बाहेकको शूल्क लिन पाइने छैन र पार्किङ शुल्क लिएपछि अनिवार्य रूपमा रसिद दिनु पर्ने छ।

११.पार्किङ शुल्क लिएपछि सवारी व्यवस्थापन र सुरक्षा गर्ने दायित्व सम्बन्धित ठेकदारको हुनेछ ।

१२.उठाउने दररेट बस, ट्रक, टिप्पर रु. १००/-,मिनि, माइक्रो, ट्राभलर,हाइस, इभि हाइस रु. ८०/-, अटो, रिक्सा रु २०, जीप, कार, भ्यान रु. ५०/-, मोटरसाइकल/स्कूटी रु. १०/-तोकिएको छ । मासिक रुपमा उठाउने दररेट बस, ट्रक, टिप्पर रु. १८००/-,मिनि, माइक्रो, ट्राभलर,हाइस, इभि हाइस रु. १४४०/-, अटो, रिक्सा रु ३६०, जीप, कार, भ्यान रु. ९००/-, मोटर साइकल/स्कूटी रु. १८०/-

१३.**न्यूनतम ठेक अङ्क :** रु.५,००,०००/- मु.अ. कर बाहेक (अक्षरुपी रु पाँच लाख मात्र) कायम गरिएको छ ।

१४.**उठाउने तरिका :** पार्किङ स्थल क्षेत्रमा होडिङ्ग बोर्ड राखेर मात्र कर असुल गर्नु पर्नेछ ।

१५.ठेक्का स्वीकृत भोगचलन गरेपछि कुनै पनि किसिमको मिनाहा छुट दिईने छैन

१६.**ठेक्का अवधि :** २०८३ असार मसान्तसम्मको लागि मात्र हुने छ ।

१७.पार्किङ्ग क्षेत्रसम्बन्धी विवरण यसै सूचनासाथ संलग्न गरिएको छ ।

१८.यस सम्बन्धमा कुनै कुराको जानकारी चाहिएमा कार्यालय समय भित्र नगर कार्यपालिकाको कार्यालयमा वा ०७५-४००१४५ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## खेलकुद समाचार

### नेपालको लगातार तेश्रो हार



**काठमाडौं,** भदौ २/अस्ट्रेलियामा चलिरहेको टप इण्ड टी-२० शृङ्खलाको आफ्नो तेस्रो खेलमा नेपाल सोमबार मेलबर्न स्टार्ससँग ३१ रनले पराजित भएको छ । मेलबर्नले दिएको एक सय ७६ रनको लक्ष्य पछ्याएको नेपालले सात विकेट गुमाएर एक सय ४४ रन मात्रै बनाउन सक्यो । नेपालका आशिफ शेखले ५३ रनसहित अर्धशतक बनाए । यस्तै कप्तान रोहितकुमार पौडेलले ३३ र कुशल भुर्तेलले २५ रन बनाए । मेलबर्नका डग वारेन र अस्टिन एन्लेजाकले समान दुई तथा आर्यन शर्मा र क्रिस होवे समान एक विकेट लिए । त्यसअघि डार्बिनमा टस जितेर ब्याटिङ गरेको मेलबर्नले सात विकेट गुमाउर एक सय ७५ रन बनायो । मेलबर्नका ब्लेक म्याकडोनाल्डले ७४ रन र थोमस रोजर्सले ६५ रन बनाए । नेपालका सन्दीप लामिछानेले तीन तथा सोमपाल कामी र शाहब आलमले समान एक विकेट लिए । योसँगै प्रतियोगीमा नेपाल लगातार तेश्रो पटक पराजित भएको छ । नेपाल आफ्नो दोस्रो खेलमा अस्ति बङ्गलादेश 'ए'सँग २९ रनले पराजित भएको थियो । पहिलो खेलमा आयोजक टोली नर्थन टेरिटोरी स्ट्राइकसँग नेपाल ४२ रनले पराजित भयो । प्रतियोगितामा ११ वटा टोली छन् । सहभागी हरेक टोलीले लिग चरणमा छ खेल खेल्नेछन् । प्रतियोगिताअन्तर्गत नेपालले भोली होबर्ट हुरिकेन्ससँग, पर्सि ४ गते मेलबर्न रेनेगेड्ससँग र भदौ ६ गते पाकिस्तान साहिन्ससँग खेल्ने छ । अस्ट्रेलियामा टप एन्ड टी-२० शृङ्खलापछि पनि नेपालले अभ्यास खेल पनि खेल्नेछ । आईसीसी टी-२० विश्वकप छनोटका तयारी स्वरूप नेपालले टप एन्ड टी-२० प्रतियोगिता र अभ्यास खेल खेल्न लागेको हो ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक बढ्यो



**पाल्पा,** भदौ २/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । सोमबार नेप्से परिसूचक नौ दशमलव १६ अङ्कले बढेर दुई हजार ७७० दशमलव ३९ विन्दुमा कायम भएको हो ।

३२० कम्पनीको एक करोड ५२ लाख २९ हजार ८२१ कित्ता शेयर ६७ हजार ९५९ पटक खरिदबिक्री हुँदा रु छ अर्ब १७ करोड ९८ लाख ५५ हजार २०९ बराबरको कारोबार भएको छ । म्युचुअल फन्ड समूह शून्य दशमलव ४९ र अन्य समूह शून्य दशमलव ५८ प्रतिशतले घटेको छभने अरू सबै समूहको उपसूचक बढेको छ । बैङ्किङ शून्य दशमलव १७, विकास बैङ्क शून्य दशमलव ३१, वित्त शून्य दशमलव ०९, होटल तथा पर्यटन शून्य दशमलव २४ र जलविद्युत् समूह शून्य दशमलव ९७ प्रतिशतले बढेको छ । त्यस्तै, लगानी शून्य दशमलव ४३, जीवन बिमा शून्य दशमलव ३२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४९, लघुवित्त शून्य दशमलव १०, निर्जीवन बिमा शून्य दशमलव ३८ र व्यापार एक दशमलव २९ प्रतिशतले बढेको छ । युनियन हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै छ दशमलव १० प्रतिशतले बढेको छ । सबैभन्दा धेरे घट्नेमा भने सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य चार दशमलव ८१ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु २१ करोड ७४ लाख २८ हजार ८३१ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै लिबर्टी इनर्जी कम्पनी लिमिटेडको छ लाख २७ हजार १३८ कित्ता शेयर किनबेच भएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई